NIC ASIA
एन आई सी एशिया बैंक लि.
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

28 Years of Excellence

The Banker Bank of the Year 2013 NEPAL

The Banker Bank of the Year 2007 NEPAL

ISO 9001 Certified Bank

**प्रेस विज्ञप्ति**

**फाल्गुण ११, २०८२**

# एन आई सी एशिया बैंकका ग्राहक महानुभावहरुलाई इन्द्रप्रस्थ मेडिकल कर्पोरेसन (अपोलो हस्पिटल)मा स्वास्थ्य उपचार गर्दा १० प्रतिशतसम्म छुट सुविधा उपलब्ध

एन आई सी एशिया बैंक लिमिटेड र इन्द्रप्रस्थ मेडिकल कर्पोरेसन लिमिटेड (अपोलो हस्पिटल), नयाँ दिल्ली, भारत बीच यस बैंकका ग्राहक महानुभावहरूलाई स्वास्थ्य उपचारमा विशेष छुट उपलब्ध गराउने सम्बन्धमा समझदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त समझदारी पत्रमा बैंकको तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत श्री राजेश रावलज्यू र इन्द्रप्रस्थ मेडिकल कर्पोरेसनका तर्फबाट प्रबन्धक श्री विपिन शर्माज्यूले हस्ताक्षर गर्नुभएको छ ।

यस बैंकका ग्राहक महानुभावहरुले In-patient room charge, preventive health check packages र Attendees health checkup सेवाहरुमा १० प्रतिशत छुट सुविधा उपयोग गर्न सक्नुहुने छ र Outpatient investigation मा ५ प्रतिशत छुट सुविधा उपलब्ध रहेको छ । साथै, Complimentary registration fees, Access to international patient lounge जस्ता सुविधाहरु समेत उपलब्ध हुनेछन् । यसैगरी, काठमाडौं स्थित अपोलो इन्फर्मेसन सेन्टर मार्फत Appointment लिने बैंकका ग्राहक महानुभावहरुलाई नयाँ दिल्लीको एयरपोर्टबाट होटल/हस्पिटलसम्मको लागि यातायातको थप सुविधा समेत उपलब्ध हुनेछ ।

उक्त सुविधाको उपयोग गर्न ग्राहक महानुभावहरुले यस बैंकको डेबिट कार्ड वा क्रेडिट कार्ड प्रयोग गरी भुक्तानी गर्नुपर्ने छ । उक्त हस्पिटलसँगको यस सहकार्यले यस बैंकका ग्राहक महानुभावहरुलाई स्वास्थ्य उपचारमा सहुलियत हुने बैंकले विश्वास लिएको छ ।

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU

धिरेन्द्र प्रसाद वाग्ले

प्रमुख- ब्राण्डिङ्ग एण्ड मिडिया डिपार्टमेन्ट